लिखु गाउँपालिका यसम, ओखलढुंगा

कोशी प्रदेश

# स्थानीय राजपत्र

लिखु गाउँपालिकाद्वारा प्रकाशित

| खण्डः- २ | संख्याः- १९ | मितिः- २०८१ / ०८ /०८ |
| --- | --- | --- |


नेपालको संविधानको धारा २२२ वमोजिम गठित गाउँ सभाले धारा २२६ को उपधारा १ र स्थानीय सरकार संचालन ऐन २०७४ दफा १०२ उपदफा ३ को अधिनमा खेलकुद विकास कार्यविधि लिखु गाउँपालिकाले सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## खेलकुद विकास कार्यविधि, २०८१

प्रस्तावना: लिखु गाउँपालिका क्षेत्र भित्र रहेका युवाहरूको खेल क्षेत्रका विभिन्न विधामा क्षमता विकास गरी युवाहरूलाई खेलकुदको माध्यमबाट उद्यमी, स्वरोजगारी बनाई खेलकुद विकासमा सहभागी गराउन तथा अनुशासन, विकास र गतिशीलताको पर्यायको रुपमा रहेको खेलकुद क्षेत्रलाई स्वस्थ, मर्यादित र प्रतिस्पर्धात्मक तवरबाट सञ्चालन गरी हार जितलाई सहज रुपमा लिने परिपाटीको विकास गरी, आपसी विश्वास, सहकार्य, समन्वय र एकताको माध्यमबाट सामाजिक सद्भाव कायम गर्दै राष्ट्रिय, अन्तराष्ट्रिय रुपमा देशको पहिचान गर्न वाञ्छनीय भएकोले,

लिखु गाउँ कार्यपालिकाले नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १५ को दफा १०२ को उपदफा (१) को अधीनमा रही यो कार्यविधि जारी गरेको छ।

### परिच्छेद-१
### प्रारम्भिक

१) **संक्षिप्त** नाम र **प्रारम्भ:** यस कार्यविधिको नाम “खेलकुद विकास कार्यविधि, २०८१” रहेको छ।

२) **लागू हुने:** यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट लागू हुनेछ।

३) **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) “खेलकुद” भन्नाले लिखु गाउँपालिका भित्र शारीरिक, मानसिक तथा सामाजिक तवरले स्वस्थ बनाउनको लागी आयोजना वा स्वीकृति वा सहमति लिई खेलाइने खेलकुद समेतलाई सम्झनु पर्दछ।

ख) “खेलाडी” भन्नाले विभिन्न विधाका राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडीलाई सम्झनु पर्दछ ।

ग) “खेलकुद विकास समिति” भन्नाले यस कार्यविधि बमोजिम गठित लिखु गाउँपालिका स्तरीय खेलकुद विकास समितिलाई सम्झनु पर्दछ ।

घ) “संयोजक” भन्नाले खेलकुद विकास समितिको संयोजकलाई सम्झनु पर्दछ ।

ङ) “प्रोत्साहन” भन्नाले खेलाडीलाई प्रदान गरिने नगद, जिन्सी, उपहार, सम्मान तथा पुरस्कारलाई सम्झनु पर्दछ ।

च) “युवा” भन्नाले १८ वर्ष देखि ४० वर्ष उमेर समुहका युवालाई सम्झनु पर्दछ ।

छ) “गाउँपालिका” भन्नाले लिखु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

ज) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले लिखु गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

## खेलकुद विकास समितिको गठन तथा काम, कर्तव्य र अधिकार

४) **खेलकुद विकास समितिको गठन:** (१) लिखु गाउँपालिकाको गाउँपालिका स्तरीय खेलकुद विकास समिति देहाय बमोजिम गठन रहने छ ।

| | | | |
|---|---|---|---|
| क) | संयोजक | गाउँपालिका अध्यक्ष वा निजले तोकेको कार्यपालिका सदस्य | १ जना |
| ख) | सदस्य | खेलाडी, पूर्व खेलाडी, खेलकुद प्रेमी तथा खेलकुद विज्ञहरूमध्ये प्रत्येक वडाबाट वडा समितिको निर्णय तथा सिफारिसबाट तोकिएका | ९ जना |
| ग) | सदस्य सचिव | गाउँ कार्यपालिकाको खेलकुद विकास शाखाको प्रमुखको जिम्मेवारी प्रदान गरिएको कर्मचारी | १ जना |

(२) समितिमा वडा समितिको निर्णय तथा सिफारिसबाट मनोनित हुने सदस्यहरूबाट कम्तिमा ४ जना महिला सदस्य हुनु पर्नेछ । महिला सदस्य मनोनित गर्नुपर्ने वडा छनौट गाउँ कार्यपालिकाको बैठकको निर्णय बमोजिम हुनेछ ।

(३) गैर नेपाली नागरिक, २१ वर्ष उमेर पुरा नभएको तथा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरमा उक्त व्यक्ति समितिको सदस्यमा मनोनित हुन अयोग्य मानिनेछ ।

(४) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । समितिका सदस्यहरुलाई बैठक भत्ता उपलब्ध गराइनेछ । बैठक भत्ता तथा अन्य सेवा सुविधा गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

(५) उपदफा (१) बमोजिम गठित समितिको कुल सदस्य सङ्ख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपूरक सङख्या पुगेको मानिनेछ ।

(६) समितिका सदस्यहरुको पदावधि सामान्यतया ५ वर्षको हुनेछ तर स्थानीय तहको निर्वाचनपछि समिति स्वत: विघटन हुनेछ । तत्पश्चात समिति पुन: गठन गर्नु पर्नेछ ।

(७) समितिको संयोजकको रुपमा कार्यपालिका सदस्य मनोनित भएमा, गाउँपालिका अध्यक्ष समक्ष लिखित राजिनामा दिएमा वा निजको मृत्यु भएमा पद स्वत: रिक्त भएको मानिनेछ । उक्त रिक्त पदमा पुन: मनोनयन गर्नु पर्नेछ ।

(८) समितिका सदस्यहरुले संयोजक समक्ष लिखित राजिनामा दिएमा वा निजको मृत्यु भएमा पद स्वत: रिक्त भएको मानिनेछ । उक्त रिक्त पदमा पुन: मनोनयन गर्नु पर्नेछ ।

(९) समितिले गाउँपालिकाका पदाधिकारी र कर्मचारी तथा खेलकुद क्षेत्रमा ख्याति प्राप्त व्यक्तिलाई विषयविज्ञ वा सल्लाहकारको रुपमा समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ । आमन्त्रित सदस्यलाई समेत बैठक भत्ता उपलब्ध गराउन सकिनेछ ।

(१०) समितिको संयोजक अनुपस्थित रहेको अवस्थामा समितिको बैठक बस्नु पर्ने भएमा संयोजकको परामर्शमा समितिको ज्येष्ठ सदस्यले समितिको संयोजकत्व गर्नेछ ।

(११) समितिका कुनै सदस्यको काम चित्त बुझ्दो नभएमा तथा समितिलाई कारण सहितको लिखित सूचना नदिई समितिको बैठकमा निरन्तर ३ पटक अनुपस्थित भएमा समितिको बैठकबाट निर्णय गरी सदस्य पदबाट हटाउन गाउँ कार्यपालिका समक्ष सिफारिस गर्न सक्नेछ ।

(१२) समितिको संयोजकको निर्देशनमा समितिका सदस्य सचिवबाट बैठकको आव्हान बैठक बस्नु भन्दा २४ घण्टा अगावै छिटो तथा छरितो माध्यमबाट गर्नु पर्नेछ ।

५) **खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकार:** (१) खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ;

क) गाउँपालिकाले तोकेको बार्षिक बजेटको सीमा भित्र रही खेलकुद विकास कार्यक्रमहरु सञ्चालन गर्ने,

ख) विभिन्न विधाका प्रतिस्पर्धात्मक खेल आयोजना गर्ने,

ग) गाउँपालिका स्तरीय खेलाडीहरु छनौट गर्ने, खेलाडी छनौटको मापदण्ड तथा मूल्यांकन विधि समितिले निर्धारण गरी लागू गर्ने,

घ) अन्य स्थानीय तह वा निकायले आयोजना गरेका खेलकुद कार्यक्रममा सहभागिताको लागी पत्राचार भएका गाउँपालिका क्षेत्र भित्रका गाउँपालिका स्तरीय खेलाडी, टीम आवश्यकता र औचित्यका आधारमा समितिले निर्णय गरेका खेलाडीहरु मध्येबाट सहभागी गराउने,

ङ) निजी क्षेत्रलाई समेत खेलकुदमा सहभागी र साझेदार बनाउने,

च) गाउँपालिकाको संयोजनमा विभिन्न विधाका खेलाडीहरूको पहिचान र प्रोत्साहन गर्नु पर्दा समितिको सिफारिसमा गाउँ कार्यपालिकाको निर्णय अनुसार गर्नु पर्नेछ ।

छ) खेलकुदको विकासका लागि संघीय सरकार, प्रदेश सरकार र अन्तर स्थानीय सरकारसँग सम्पर्क, समन्वय र सहकार्य गर्नु पर्नेछ ।

ज) वार्षिक खेलकुद नीति, कार्यक्रम, बजेट बनाई प्रत्येक वर्षको जेठ १५ गते गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

झ) गाउँपालिकालाई खेलकुदको माध्यमबाट उत्कृष्टताको परिचय दिने गरी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

ञ) शिक्षण संस्थाहरुमा खेलकुद सम्बन्धि स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गर्न, तालिम तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न तथा खेलकुद प्रतियोगिता सञ्चालन गर्न गाउँ शिक्षा समितिसँग समन्वय तथा आवश्यक सहकार्य गर्नु पर्नेछ ।

ट) स्थानीय खेलकुद क्लब, शैक्षिक संस्था, समिति, प्रशिक्षण संस्थाहरुसँग खेलकुदसँग सम्बन्धित विषयमा समन्वय, नियमन तथा आवश्यक निर्देशन दिन सक्नेछ ।

ठ) खेलकुद सम्बन्धि संघसंस्था तथा क्लबलाई आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने मनासिव भएमा प्राप्त प्रस्तावलाई आधार मानी वडा स्तरको खेलको हकमा रु. ५०,०००।–(पचास हजार मात्र) वा सो बराबरको जिन्सी र पालिका स्तरको हकमा रु. १,००,०००।– (एक लाख मात्र) वा सो सरह जिन्सी समेत हुने खेलकुद समितिको निर्णय तथा सिफारिसमा कार्यपालिकाको निर्णयबाट दिन सकिने छ । (यस्तो सहयोग सम्बन्धित वडा वा गाउँपालिका मध्ये कुनै एक स्थानबाट मात्र प्राप्त गर्न सकिने छ)

ड) स्वदेशी तथा विदेशी प्रशिक्षण संस्थाबाट खेलाडीहरुको स्तरोन्नति गर्न आवश्यकता महसुस भई पठाउनु पर्ने भएमा गाउँ कार्यपालिका समक्ष सिफारिस गर्नु पर्नेछ ।

ढ) खेलाडीहरुको स्तरोन्नति तथा क्षमता अभिवृद्धिको लागि स्थानीय स्तरमा तालिम तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

ण) खेलाडीहरूको प्रोत्साहन तथा स्तरोन्नतिको लागी आर्थिक सहायता, छात्रवृति प्रदान गर्नको लागी गाउँ कार्यपालिकामा सिफारिस गर्नु पर्नछ ।

त) विभिन्न कारणबाट शारीरिक तथा मानसिक रुपमा अशक्त हुन पुगेका अपाङ्ग खेलाडीहरुको खेलकुद विकासका लागी तालिम तथा प्रतियोगिता सञ्चालनको व्यवस्था गर्नु पर्नेछ र त्यस्तो खेलकुदको महत्वको सम्बन्धमा प्रचार प्रसार गर्नु पर्नेछ।

थ) खेलकुदको विकास, विस्तार तथा यसको महत्वको लागि आवश्यक प्रचार प्रसार गर्नु पर्नेछ ।

द) खेलकुद मार्फत रोजगारी अभिबृद्धिको लागि आवश्यक पहल गर्नेछ ।

ध) वडास्तरीय खेलकुद समितिलाई आवश्यक काम, कर्तव्य र अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

न) खेलकुद विकास समितिको क्रियाकलाप तथा सम्पादित कार्यको अर्धबार्षिक तथा बार्षिक प्रतिवेदन गाउँ कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

ऩ) गाउँ पालिका भित्र रहेका संघ, संस्था, क्लब तथा गैह सरकारी संस्थाहरुले कुनै पनि खेलकुद कार्यक्रम सञ्चालन गर्दा १५ दिन अगावै पालिका खेलकुद समिति मार्फत पालिकाबाट स्वीकृती लिनु पर्नेछ ।

प) पालिकाको खेलाडी सहभागी गराउनु पर्ने अवस्थामा समितिले गाउँपालिकाको आवश्यकता अनुसार महिला/पुरुष समेत १/१ टिम मात्र दर्ताको लागी सिफारिस गर्नु पर्नेछ ।

फ) खेलकुद समितिले छनोट गरेको सम्बन्धित खेलका खेलाडीलाई नियुक्ति पत्र र परिचय पत्र प्रदान गर्नु पर्नेछ ।

ब) पालिका खेलकुद समितिले सुचीकृत गरेको खेलाडी आफ्नो कामकाजको शिलसिलामा अन्यत्र जाने अवस्था रहेमा सुचिकृत खेलबाट खेल खेल्न नसक्ने भएमा अग्रिम जानकारी दिनु पर्नेछ।

भ) यस कार्यविधिको अधिनमा रही आवश्यक कार्य सम्पादन गर्नेछ। समितिले खेलकुद विकासको क्षेत्रमा गाउँ कार्यपालिकाले तोकेका अन्य कार्य समेत गर्नेछ।

(२) खेलकुद विकास समितिलाई गाउँ कार्यपालिकाले आवश्यक निर्देशन दिन सक्नेछ। निर्देशन पालना गर्नु खेलकुद विकास समितिको कर्तव्य हुनेछ।

६) **वडास्तरिय खेलकुद विकास समितिको गठन:** (१) खेलकुद विकास समितिलाई आवश्यक सहयोग तथा सहजिकरण गर्न तथा खेलकुद विकास समितिको समन्वय तथा परामर्शमा आफ्नो वडाभित्र खेलकुद विकास सम्बन्धी क्रियाकलाप सञ्चालन गर्न गाउँपालिकाको प्रत्येक वडामा वडास्तरीय खेलकुद विकास समिति देहाय बमोजिम गठन हुनेछ।

| | | | |
|---|---|---|---|
| क) | संयोजक | वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य | १ जना |
| ख) | सदस्य | खेलाडी, पूर्व खेलाडी, खेलकुद प्रेमी, सम्बन्धित वडा भित्रका विद्यालयका प्र.अ./ खेल शिक्षक तथा खेलकुद विज्ञहरुमध्ये वडा समितिको निर्णय बमोजिम तोकेको १ जना महिला सहित | ३ जना |
| ग) | सदस्य सचिव | वडा सचिव | १ जना |

(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(४) समिति बैठक भत्ता आवश्यकता अनुसार वडाबाट उपलब्ध गराइनेछ।

(५) समितिका सदस्यहरुको पदावधि सामान्यतया ५ वर्षको हुनेछ तर स्थानीय तहको निर्वाचनपछि समिति स्वत: विघटन हुनेछ। तत्पश्चात् समिति पुन: गठन गर्नुपर्नेछ।

(६) समितिका सदस्यले संयोजक समक्ष लिखित राजिनामा दिएमा वा निजको मृत्यु भएमा पद स्वत: रिक्त हुनेछ। रिक्त पदमा पुन: मनोनयन गर्नु पर्नेछ।

(७) समितिको संयोजकको रुपमा वडा सदस्य मनोनित भएमा वडा अध्यक्ष समक्ष लिखित राजिनामा दिएमा वा निजको मृत्यु भएमा पद स्वत: रिक्त हुनेछ। रिक्त पदमा पुन: मनोनयन गर्नु पर्नेछ।

## परिच्छेद-३
## आचारसंहिता

७) **आचारसंहिता:** खेलकुद संस्था, खेलाडी, खेलकुद विकास समितिका पदाधिकारी, कर्मचारीहरूले देहाय बमोजिमको आचारसंहिता पालना गर्नु पर्नेछ;

क) खेलका निर्णायक, खेलाडी, दर्शक, आयोजक कसैले पनि खेल सञ्चालनको समयमा कुनै पनि प्रतिबन्धित लागुऔषध र मादक पदार्थ सेवन गर्न पाईने छैन।

ख) खेलाडी टिमले विदेशी नागरिक समावेश गरेर स्वदेशको खेलाडी टिम बनाउन पाइनेछैन। तर विदेशी खेलाडी समेतलाई आमन्त्रण गरिदा गैर नेपाली टिमलाई मान्यता दिइनेछ।

ग) पालिका स्तरको खेलाडी सहभागी हुने खेलमा पालिका खेलकुद समितिको सिफारिस भन्दा फरक खेलाडी सहभागी गराउन पाइने छैन।

घ) प्रतिस्पर्धात्मक खेल सञ्चालन गर्दा दर्तावाला टिमलाई मात्र मान्यता दिइनेछ। तर कोचिङ्ग कक्षा संचालन गर्न दर्ता नभएको टिमलाई पनि सामेल गराउन सकिनेछ।

ङ) नैतिक पतन हुने फौजदारी अपराधमा दोषी ठहरिएका खेलाडीलाई खेलको टिमबाट हटाइनेछ। साथै खेलमा सहभागीता समेत गराइने छैन।

च) खेलको विजय पश्चात पाउने शिल्ड, ट्रफी कहिँ कतै बेच्न, धरौटी राख्न वा उपहार दिन पाइने छैन। तर कुनै दर्तावाला क्लव विघटन हुन गई उक्त क्लवले प्राप्त गरेका शिल्ड, ट्रफी गाउँपालिकाको स्वीकृतिमा अर्को दर्तावाल क्लवलाई उपहार दिन भने वाधा पर्ने छैन।

छ) कुनै खेलमा खेलाडी वा कोचलाई दिएको व्यक्तिगत उपहार बाहेक टिमले पाएको जिन्सी पुरस्कार सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ।

ज) खेलको निर्णायक मत राख्दा तालिम प्राप्त आधिकारिक व्यक्ति बाहेक अरुलाई राख्न पाइने छैन।

झ) खेलाडीहरुले आपसमा प्रतिस्पर्धा गर्दा आफ्नो टीमको पक्ष लिई क्ल्यापिङ्ग हुटिङ्ग, अनुहार मेकअप र चित्र प्रदर्शन गर्न पाउनेछन् तर विपक्षी टीमका व्यक्तिहरु वा टीमलाई इंगित गरी कार्टुन, चित्रकारिता, व्यक्तिगत वा संस्थागत नामबाट अश्लील शब्द वा अभद्र व्यवहार गर्न पाइने छैन।

ञ) खेलको प्रतिस्पर्धाका निम्ति गाउँपालिकाको स्वीकृति र इजाजत विना आफ्नो टिमको नाममा आर्थिक संकलन गर्न पाइने छैन।

ट) पालिकाको जर्सी बाहेक सौजन्य राखिएको जर्सी लगाएर पालिकाबाट खेल खेल्न पाइने छैन।

ठ) कुनै संघसंस्थाहरुले गाउँपालिकाको स्वीकृति लिई उठाइएका सहयोग संस्थाको आम्दानी खातामा आम्दानी जनाई सम्बन्धित क्लबको विधान अनुसार मात्र खर्च गर्न पाइनेछ।

## परिच्छेद-४

## खेलकुद संस्था दर्ता, नवीकरण तथा विघटन

८) **दर्ता र स्वीकृती:** (१) गाउँपालिका भित्र गठित खेलकुदसँग सम्बन्धित संस्था वा क्लव गाउँ कार्यपालिकामा दर्ता गर्नु पर्नेछ।

(२) दर्ता नभएका संस्था वा क्लवलाई खेल संचालन गर्न गाउँपालिकाले स्वीकृति दिने छैन।

(३) गाउँपालिकामा दर्ता वा सुचिकृत गर्दा बुझाउनु पर्ने शुल्क स्वीकृत आर्थिक ऐन बमोजिम हुनेछ।

(४) प्रत्येक वर्षको असार मसान्तभित्र सबै दर्तावाल वा सुचिकृत संस्थाहरुले गाउँपालिकामा अनिवार्य नविकरण गराउनु पर्नेछ।

(५) यस पालिकामा दर्ता नगरिएका संघ संस्थाहरुलाई पालिकाबाट कुनै प्रकारको आर्थिक तथा भौतिक सहयोग हुने छैन ।

९) **जरिवाना:** (१) दर्ता भएका खेलकुद सम्बन्धी संस्थाहरुले नवीकरण नगराएमा गाउँपालिकाको स्वीकृत आर्थिक ऐन बमोजिम जरिवाना गरिनेछ ।

(२) पाँच वर्ष भन्दा बढी समयसम्म पनि नविकरण नगर्ने संस्थालाई दर्ताको सूचीबाट हटाइनेछ । यसरी समयमै नवीकरण नगरी दर्ताको सूचीबाट हटिसकेका संस्थामा संलग्न कार्यकारी समितिका व्यक्तिको अर्को संस्था दर्ता गर्न पाउने छैन ।

(३) समयमै नवीकरण नगर्ने संस्थाले आफ्नो कोषबाट जरिवाना बुझाउनु पर्नेछ ।

१०) **संस्थाको विघटन:** (१) दर्ता भएको खेलकुद सम्बन्धी संस्थाहरु देहायको अवस्थामा विघटन हुन सक्नेछन्;

क) संस्थाका दुई तिहाई बहुमतले संस्था विघटन गर्ने भनी निर्णय गरेमा,

ख) लगातार ५ वर्ष सम्म संस्था नवीकरण नगरेमा,

ग) संस्थाका पदाधिकारी निष्कृय भएमा वा वेपत्ता भएमा,

घ) प्राकृतिक विपत्तिको कारणबाट संस्था क्षत विक्षत भएमा ।

(२) विघटित भएको संस्थाको सम्पत्ति गाउँपालिका मातहतमा रहनेछ ।

११) **संस्थाको विधान:** विधानको नमुना यस गाउँपालिकाको संस्था दर्ता नियमावली, २०७५ मा तोकिए बमोजिम हुनेछ । खेलकुद संस्थाको विधानमा समेटिनु पर्ने मुख्य विषयवस्तु खेलकुद विकास समितिको निर्णयानुसार तोकिए बमोजिम हुनेछ ।

१२) **संस्था सम्बन्धि अन्य व्यवस्था:** यस कार्यविधिमा तोकिए बाहेकका संस्था सम्बन्धि अन्य व्यवस्था यस गाउँपालिकाको संस्था दर्ता ऐन, २०७५ तथा सोको नियमावली, २०७५ अनुसार हुनेछ ।

## परिच्छेद-५

## खेलकुद प्रतियोगिता संचालन तथा व्यवस्थापन

१३) **खेलकुद प्रतियोगिता संचालन:** (१) खेलकुद विकास समिति आफैले वा गाउँपालिकामा दर्ता भएका खेलकुद सम्बन्धि संस्था मार्फत खेलकुद प्रतियोगिता सञ्चालन गर्न सक्नेछ ।

(२) खेलकुद सम्बन्धि संस्था मार्फत खेलकुद प्रतियोगिता सञ्चालन गर्न गाउँपालिकाले सूचना आव्हान गरेर संस्था समेतको लागत तथा प्राविधिक साझेदारी हुने गरी प्रस्ताव माग गरी दर्तावाला संस्थामध्ये कुनै एक संस्थालाई छनौट गरी प्रतियोगिता सञ्चालन सम्झौता गरी प्रतियोगिता सञ्चालन गर्न सक्नेछ ।

(३) खेलकुद विकास समितिले खेलकुद विकासलाई थप प्रभावकारी बनाउन गाउँ कार्यपालिकाको परामर्शमा बढीमा ५ सदस्यीय सल्लाहकार समितिको गठन गर्न सक्नेछ ।

(४) खेलकुद विकास समितिले कुनै खेलकुद कार्यक्रम सञ्चालन गर्न वा कुनै एक खेल विशेषलाई प्राथमिकता दिई विकास गर्न उपसमिति गठन गरी जिम्मेवारी तोक्न सक्नेछ।

१४) **तालिम तथा प्रशिक्षण:** (१) खेलकुद विकास र खेलाडीहरुको स्तरवृद्धि गर्नको लागि आवश्यकता अनुसार विभिन्न खेलहरूको तालिम तथा प्रशिक्षण प्रदान गरिनेछ।

(२) खेलकुद विकास समितिले प्रशिक्षण कार्यक्रम तथा प्रशिक्षक नियुक्ति गर्दा सार्बजनिक सूचना आव्हान गर्नु पर्नेछ।

(३) प्रशिक्षार्थीहरू प्रशिक्षणमा सहभागी हुन चाहेमा सम्बन्धित वडास्तरीय खेलकुद विकास समितिको सिफारिसमा तोके बमोजिमको फारम बुझाई आवेदन दिनु पर्नेछ।

(४) प्रशिक्षणमा सहभागी हुने प्रशिक्षार्थीबाट खेलको प्रकृति र प्रशिक्षकको उपलब्धताका आधारमा खेलकुद विकास समितिले मासिक शुल्क लिन सक्नेछ।

(५) प्रशिक्षार्थीको सहभागिता सम्बन्धि थप व्यवस्था खेलकुद विकास समितिले तोके बमोजिम हुनेछ।

(६) गाउँपालिका स्तरीय खेलाडीको रुपमा छनौट भएका खेलाडीहरुको हकमा प्रशिक्षणको लागि स्वदेशी तथा विदेशी प्रशिक्षण संस्थामा पठाउनु पर्ने महसुस भएमा खेलकुद विकास समितिले गाउँ कार्यपालिका समक्ष सिफारिस गर्न सक्नेछ। सहभागिता सम्बन्धी व्यवस्था तोके बमोजिम हुनेछ।

(७) आवश्यकता अनुसार प्रशिक्षक खेलकुद विकास समितिको सिफारिसमा निश्चित पारिश्रमिक तोकी सेवा करार सम्झौता अनुसार सेवा सुविधा पाउने गरी गाउँ कार्यपालिकाले नियुक्ति गर्न सक्नेछ।

(८) तालिम तथा प्रशिक्षण कार्यक्रम संचालन तथा व्यवस्थापन गाउँ कार्यपालिकाको स्वीकृति तथा निर्देशनमा सञ्चालन हुनेछ।

१५) **सौजन्यता**: दर्तावाला संस्थाहरुले कसैको सौजन्यमा कुनै खेल सञ्चालन गर्न गाउँपालिकको पुर्व स्वीकृति लिनुपर्नेछ। व्यक्ति वा संस्थाको सौजन्यतावाट प्राप्त नगदी, जिन्सी वा अन्य सहयोगलाई सार्वजनिक गरी खेल सञ्चालन गर्नुका साथै विवरण दुरुस्त राख्नु पर्नेछ।

१६) **जनशक्तिको पारिश्रमिक:** (१) खेलकुद विकास समितिले सञ्चालन गर्ने खेलकुद प्रतियोगितामा खटिने जनशक्तिको पारिश्रमिक देहाय अनुसार हुनेछ।

क) **मुख्य निर्णायक:** राष्ट्रिय एवं प्रादेशिक निर्णायकको रुपमा आधिकारिक संस्थाबाट मान्यता प्राप्त गरेका निर्णायिकलाई मुख्य निर्णायकको रुपमा मनोनयन गरिनेछ। मनोनित मुख्य निर्णायकलाई दैनिक पारिश्रमिक वापत प्रतिदिन राष्ट्रिय खेलकुद पारिश्रमिक मापदण्ड अनुसार प्रदान गर्न सकिनेछ।

ख) **सहायक निर्णायक**: खेलको प्रकृति र नियमानुसार पुर्व खेलाडी तथा खेलाडीहरूलाई सहायक निर्णायकको रुपमा मनोनयन गरिनेछ। मनोनित सहायक निर्णायकलाई दैनिक पारिश्रमिक वापत प्रतिदिन राष्ट्रिय खेलकुद पारिश्रमिक मापदण्ड अनुसार प्रदान गर्न सकिनेछ।

ग) **लाईन्समेन**: भलिबल, फुटबल, व्याडमेन्टन लगायतका खेलमा खेलको प्रकृति र नियमानुसार पूर्व खेलाडी तथा खेलाडीहरूलाई लाईन्समेनको रुपमा मनोनयन गरिनेछ। मनोनित लाईन्समेनलाई दैनिक पारिश्रमिक वापत प्रतिदिन रु.१०००।०० (एक हजार मात्र) को दरले प्रदान गर्न सकिनेछ।

घ) स्वयंसेवक: (१) प्रतियोगितालाई व्यवस्थित रुपमा सञ्चालन गर्न खेलको प्रकृति र आवश्यकता अनुसार स्वयंसेवक खटाउन सकिनेछ। स्वयंसेवकलाई दैनिक पारिश्रमिक वापत प्रतिदिन रु.१०००।०० (एक हजार मात्र) को दरले प्रदान गर्न सकिनेछ।

(२) प्रतियोगितामा खटिने आवश्यक जनशक्तिलाई प्रदान गरिने पारिश्रमिकमा समितिको निर्णय अनुसार भुक्तानी गर्नु पर्नेछ।

(३) भुक्तानी उपलब्ध गराउदा अपनाउने प्रकृया तथा समावेश गर्नु पर्ने कागजात प्रचलित नियमानुसार हुनेछ।

१७) **खेलाडीको पारिश्रमिक तथा सेवा सुविधा:** (१) यस गाउँपालिकाको प्रतिनिधित्व हुने गरी खेलकुद विकास समितिको निर्णयानुसार विभिन्न स्थानीय तह, जिल्ला, तथा प्रदेशस्तरीय खेलहरुमा गाउँपालिका स्तरीय खेलाडी सहभागी गराउँदा प्रत्येक खेलाडीहरूलाई देहाय बमोजिमको पारिश्रमिक तथा सेवा सुविधा उपलब्ध गराउन सकिनेछ।

क) खेलकुद प्रतियोगितामा सहभागी गराउँदा दैनिक पारिश्रमिक वापत प्रतिदिन रु.१०००।०० (एक हजार मात्र) को दरले खाना, खाजा बापत प्रतिदिन रु. १०००।०० (एक हजार मात्र) तथा यातायात खर्च वापत रु.२०००।०० (दुई हजार मात्र) को दरले प्रदान गर्न सकिनेछ।

ख) खेलाडीहरूको पोसाकको लागि प्रतिखेलाडी बार्षिक २ सेट जर्सी प्रदान गर्न सकिनेछ। खेलाडीको पोसाकको व्यवस्था खेलकुद विकास समितिले गर्नु पर्नेछ।

३) समितिको निर्णय वा आवश्यकता अनुसार खेल प्रशिक्षक तथा टिम क्याप्टेन छनौट गर्दा खेलको प्रकृति हेरी पुर्व खेलाडी (नियुक्ति हुनु भन्दा अगाडीका प्रमाण पत्रहरु), जिल्ला स्तरीय निर्णायक, प्रादेशिक निर्णायक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निर्णायकहरु र तालिम प्राप्त सेवा निवृत्त सरकारी कर्मचारी समेत नियुक्ति गर्दा बाधा पर्ने छैन।

(२) प्रतियोगितामा खटिने एक जना प्रशिक्षक तथा बढिमा दुई जना अफिसियलाई खेलाडी अनुसारको पारिश्रमिक तथा सेवा सुविधा उपलब्ध गराउन बाधा पर्ने छैन।

(३) प्रतियोगितामा सहभागी हुने खेलाडी, प्रशिक्षक तथा अफिसियललाई प्रदान गरिने पारिश्रमिकमा प्रचलित कानून अनुसार कर कट्टा गरेर भुक्तानी गर्नु पर्नेछ।

(४) भुक्तानी उपलब्ध गराउदा अपनाउने प्रकृया तथा समावेश गर्नु पर्ने कागजात प्रचलित नियमानुसार हुनेछ।

५) खेलाडी, प्रशिक्षक, निर्णायक, अफिसियल, लाइन्समेन स्वयंसेवक आदीको पारिश्रमिक भुक्तानी अनिवार्य बैंकिङ प्रणालीबाट गर्नु पर्ने छ।

६) खेलमा सहभागिता पश्चात पालिकाले पुरस्कारमा आवश्यकता हेरी प्रोत्साहन स्वरुप थप रकम दिन सक्नेछ।

## परिच्छेद-६

## खेलकुद विकास कोष

१८) **खेलकुद विकास कोषको स्थापना** (१) **:** स्थानीयस्तरमा खेलकुद विकासको लागी खेलकुद कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक स्रोत संकलन र परिचालन गर्न गाउँपालिकामा एक खेलकुद विकास कोष रहनेछ ।

(२) कोषको आय रकम संकलन तथा व्यय रकम परिचालनका लागि गाउँपालिकाको सञ्चित कोष रहेको वित्तीय संस्थामा एक छुट्टै खाता खोलिनेछ ।

(३) कोषको कूल आम्दानी अन्तर्गत यस कार्यविधिको दफा २० बमोजिम कोषमा जम्मा हुनेगरी प्राप्त भएको रकम तथा कोषको खाता रहेको वित्तीय संस्थाले कोष रकममा उपलब्ध गराएको ब्याज आय र दफा २० बमोजिम प्राप्त भएको वस्तुगत सहायता सामाग्रीको प्रचलित मूल्य समेतलाई जनाउनेछ । तर वस्तुगत सहायता सामाग्रीको प्रचलित मुल्यलाई बैंक हिसाबमा समावेश गरिने छैन ।

(४) यस कार्यविधिको दफा २१ बमोजिम कोषको नाममा प्राप्त हुन आउने वस्तुगत सहायता सामाग्रीको छुट्टै मौज्दात किताब स्थापना गरी अभिलेख गरिनेछ ।

१९) **कोषको आम्दानी**ः(१) कोषमा देहाय बमोजिमका रकम आम्दानीको रूपमा जम्मा हुनेछ;

क) गाउँपालिकाको वार्षिक बजेटमार्फत खेलकुद विकास कोषमा जम्मा हुने गरी स्वीकृत रकम,

ख) खेलकुद विकास कार्यका लागि कोषमा जम्मा हुनेगरी अन्य स्थानीय तहबाट प्राप्त रकम,

ग) खेलकुद विकास कार्यका लागि कोषमा जम्मा हुनेगरी प्रदेश सरकार तथा नेपाल सरकारबाट प्राप्त रकम,

घ) गाउँ सभाबाट स्वीकृत आर्थिक ऐनमा व्यवस्था गरिए बमोजिम खेलकुद विकास कोषमा जम्मा हुनेगरी प्राप्त हुने शुल्क तथा दस्तुर रकम,

ङ) गाउँ सभा सदस्य, गाउँ कार्यपालिका सदस्य तथा गाउँपालिकाका कर्मचारीहरूको स्वेच्छिक निर्णयबाट प्राप्त हुने रकम,

च) विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरू र त्यसमा कार्यरत कर्मचारीहरू, उद्योगी, व्यवसायी, पेशाकर्मी, राजनीतिक दल, नागरिक समाज, धार्मिक तथा परोपकारी संघसंस्था र आम सर्वसाधारणबाट स्वेच्छिक रूपमा प्राप्त हुने रकम,

छ) गैरआवासीय नेपाली, वैदेशिक सरकार तथा संघ संस्थाको तर्फबाट प्रचलित कानूनको अधिनमा रहि प्राप्त हुने रकम,

ज) कोषको खाता सञ्चालनमा रहेको वित्तीय संस्थाले त्यस्तो कोषमा रहेको रकममा उपलब्ध गराएको ब्याज,

झ) दफा २० को उपदफा (३) बमोजिम वस्तुगत सहायता सामाग्रीको बिक्रीबाट प्राप्त आय, प्रचलित कानूनको अधीनमा रहि कोषमा जम्मा हुने गरी अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिम कोषलाई उपलब्ध हुने रकम सम्बन्धित व्यक्ति वा संस्थाले यस कार्यविधिको दफा १८ को उपदफा (२) बमोजिमको कोषको बैंक खातामा सिधै जम्मा वा

गाउँपालिकाको आर्थिक प्रशासन शाखामा नगद जम्मा गर्न सक्नेछ । त्यसरी नगद जम्मा हुन आएमा आर्थिक प्रशासन शाखाले सम्बन्धित व्यक्ति वा संस्थालाई सोको भर्पाई उपलब्ध गराई सम्बन्धित कोषमा नगद जम्मा गर्नु पर्नेछ ।

(३) कोषमा रकम जम्मा गर्ने व्यक्ति तथा संस्थाको नाम र प्राप्त सहायता रकम सम्बन्धि मासिक विवरण अर्को महिनाको सात (७) गते भित्र सार्वजनिक गरिनेछ । तर कुनै व्यक्ति वा संस्थाले सहायता उपलब्ध गराउँदा आफ्नो नाम सार्वजनिक नगर्न समितिलाई अनुरोध गरेमा निजको नाम उल्लेख नगरी विवरण सार्वजनिक गर्न बाधा पर्ने छैन ।

२०) **वस्तुगत सहायता सामाग्री** (१) **:** कुनै व्यक्ति वा संस्थाबाट नगदबाहेकको वस्तुगत सहायता सामाग्री प्राप्त हुन आएमा र त्यसरी प्राप्त सामग्री खेलकुद विकास सम्बन्धि कार्यमा उपयोग हुने देखिएमा त्यस्तो वस्तुगत सहायता सामाग्रीलाई स्वीकार गरिनेछ ।

(२) दफा (१) बमोजिम स्वीकार गरिएको वस्तुगत सहायता सामाग्रीलाई अलग्गै मौज्दात किताबमा आम्दानी अभिलेख जनाई त्यस्तो सामाग्रीको प्रचलित मुल्यलाई कोषको आम्दानीको रूपमा समेत अभिलेख राखिनेछ ।

*स्पष्टिकरणः यस दफाको प्रयोजनका लागि प्रचलित मुल्य भन्नाले वस्तुगत सामग्रीको साथमा प्राप्त हुने खरिद बिजक वा मूल्याङ्कनको प्रमाण र ढुवानी लागत समेतको मुल्यलाई जनाउनेछ । यदि त्यस्तो मुल्यबिना नै वस्तुगत सामग्री प्राप्त हुन आएमा त्यस्तो वस्तुगत सामग्रीको प्रचलित स्थानीय दररेट अनुसारको मूल्याङ्कनलाई आम्दानीको आधार मानिनेछ । सो पनि नभएमा त्यसरी प्राप्त सामग्रीको लाग समितिले उचित ठहऱ्याएका मूल्याङ्कनलाई कोषको आम्दानीको आधारको रूपमा लिइनेछ ।*

(३) उपदफा (१) बमोजिम प्राप्त भई उपदफा (२) बमोजिम आम्दानी अभिलेख गरिएको कुनै सामग्री तत्काल प्रयोग गर्न आवश्यक नपर्ने वा नमिल्ने वा लामो समयसम्म भण्डारण गरी राख्न पनि अनुकुल नहुने (सड्ने, बिग्रने, नासिने वा खेर जाने) प्रकृत्तिको भएमा समितिको निर्णयले त्यस्तो सामग्रीलाई प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी प्राप्त आय रकमलाई दफा १८ को उपदफा (२) बमोजिमको कोषको खातामा जम्मा गर्नेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै वस्तुगत सहायता सामग्री स्थानीय खेलकुद विकासमा उपयोग नहुने वा उपयोग गर्न उपयुक्त नहुने देखिएमा तथा न्यूनतम गुणस्तरयुक्त नभएको अवस्थामा समितिले निर्णय गरी त्यस्तो सहयोग आंशिक वा पूर्णरूपमा अस्वीकार गर्न सक्नेछ ।

(५) उपदफा (१) बमोजिम स्वीकार गरी उपदफा (२) बमोजिम अभिलेख गरिएको र उपदफा (४) बमोजिम अस्विकार गरिएको सामाग्रीको विवरण तथा स्वीकार गरिएको सामाग्रीको हकमा सो उपलब्ध गराउने व्यक्ति वा संस्थाको नाम सम्बन्धि मासिक विवरण अर्को महिनाको सात (७) गते भित्र सार्वजनिक गरिनेछ । तर कुनै व्यक्ति वा संस्थाले सहायता उपलब्ध गराउँदा आफ्नो नाम सार्वजनिक नगर्न समितिलाई अनुरोध गरेमा निजको नाम उल्लेख नगरी विवरण सार्वजनिक गर्न बाधा पर्ने छैन ।

(६) यस दफा बमोजिम प्राप्त भएको वस्तुगत सहायता सामग्रीलाई त्यस्तो सामग्री भण्डारण गर्न वा प्रयोग गरिने स्थानसम्म पुर्याउनका लागि सहायता उपलब्ध गराउने सम्बन्धित व्यक्ति वा संस्थालाई नै अनुरोध गर्न सकिनेछ ।

२१) **कोषको परिचालन** (१) **:**स्थानीय स्तरमा खेलकुद विकास तथा कार्यक्रम सञ्चालनको लागी आर्थिक तथा वस्तुगत सहायता परिचालन गर्नु कोषको उद्देश्य रहनेछ ।

(२) कोषको रकम देहायका क्षेत्रमा परिचालन गर्न सकिनेछ ।

क) खेलाडीहरूलाई अन्य स्थानीय तह तथा निकायमा खेलकुद प्रतियोगितामा सहभागी गराउन,
ख) खेलाडीहरूको लागी तालिम तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न,
ग) खेलाडीको पोसाक तथा खेलकुद सामग्री खरिद गर्न,
घ) खेलाडीहरूलाई राहत तथा आर्थिक सहायता उपलब्ध गराउन,
ङ) गाउँपालिका स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन गर्न ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नियमितरूपमा गरिने विकास निर्माण सम्बन्धि कार्यलाई खेलकुद विकाससँग आवद्ध गराएर कोषबाट कुनै पनि किसिमको खर्च गर्न पाईनेछैन ।

(४) कोषमा मौज्दात रकम दुई लाख रूपैया भन्दा घटि भएको अवस्थामा खेलकुदमा खेलाडी सहभागी गराउने कार्य बाहेक अन्य प्रयोजनका लागि कोषको रकम प्रयोग गरिने छैन ।

२२) **कोष परिचालन गर्न नपाईने** (१) **:** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको प्रयोजनका लागि कोषमा जम्मा भएको रकम खर्च गर्न पाईने छैनः

क) नियमित प्रशासनिक कार्यको लागी खर्च गर्न,
ख) कुनै सरकारी वा गैरसरकारी पदाधिकारी वा कर्मचारीलाई नियमित रूपमा तलब भत्ता वा अन्य सुविधा उपलब्ध गराउन,
ग) कुनै सरकारी वा गैरसरकारी पदाधिकारी वा कर्मचारीलाई भ्रमण खर्च वा अन्य त्यस्तै प्रकारको खर्च उपलब्ध गराउन,
घ) खेलाडीलाई तोकिए बमोजिमको राहत तथा आर्थिक सहायता बाहेक अन्य कुनै पनि किसिमको चन्दा, पुरस्कार, उपहार वा आर्थिक सहायता उपलब्ध गराउन,
ङ) कुनै पनि किसिमको गोष्ठि, अन्तरक्रिया वा सभा सम्मेलन सञ्चालन गर्न/गराउन,

(२) कोषलाई प्राप्त भएको वस्तुगत सहायता सामग्री मध्यै कुनै पनि सामग्री पुर्ण वा आंशिक रूपमा कार्यालयको वा कार्यालयको कुनै पदाधिकारी वा कर्मचारीको नियमित प्रयोजनका लागि प्रयोग गरिने छैन ।

२३) **कोषको सञ्चालन :**(१) कोषको बैंक खाता सञ्चालन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी र लेखा प्रमुख वा निजले तोकेको लेखाको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

(२) कोषबाट रकम भुक्तानी गर्दा अनिवार्य रूपमा बैंक मार्फत मात्र भुक्तानी गर्नु पर्नेछ ।

(३) कोषलाई प्राप्त वस्तुगत सहायता सामग्रीको निकासा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको खेलकुद विकास समिति सदस्य-सचिवबाट हुनेछ ।

(४) उपदफा (३) बमोजिम वस्तुगत सहायता सामग्री उपयोगका लागि निकासा गर्दा मौज्दात किताबमा खर्च अभिलेख जनाई निकासा दिनुपर्नेछ र त्यस्तो सामग्रीको अभिलेख मुल्यलाई कोषको खर्चको रूपमा समेत अभिलेख गरिनेछ ।

२४) **कोषको आय व्ययको लेखा तथा सोको सार्वजनिकरण :** (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कोषको परिचालन गर्दा कार्यपालिकाले तोकेबमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ ।

(३) कोषको मासिक रूपमा भएको आम्दानी र खर्चको विवरण अर्को महिनाको सात (७) गते भित्रमा सार्वजनिक गर्नुपर्नेछ ।

(४) आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र समितिले कोषको वार्षिक आय व्ययको विवरण समेत खुल्ने वार्षिक प्रतिवेदन तयार गरी खेलकुद विकास समिति मार्फत कार्यपालिका हुँदै गाउँ सभा समक्ष पेश गर्नु पर्नेछ ।

२५) **लेखा परीक्षण :** (१) कोषको आन्तरिक लेखापरीक्षण गाउँपालिकाको आन्तरिक लेखा परिक्षण शाखाबाट हुनेछ ।

(२)कोषको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(३) गाउँ कार्यपालिकाले चाहेमा जुनसुकै बखत समितिको हिसावकिताव जाँच्न वा जाँच गराउन सक्नेछ ।

(४) गाउँ कार्यपालिकाले चाहेमा जुनसुकै बखत समितिको हिसावकिताव जाँच्न वा जाँच गराउन सक्नेछ ।

(५) गाउँ कार्यपालिकाको कार्यालयले कम्तिमा वर्षको एक पटक कोषको सामाजिक र सार्वजनिक लेखापरीक्षणको व्यवस्था मिलाउनेछ ।

२६) **रकम फ्रिज नहुने तथा आवर्ती कोष (रिवल्विङ् फण्ड) को रूपमा रहने :**(१) दफा १८ को उपदफा (२) बमोजिम कोषमा जम्मा भएको रकम मध्ये आंशिक वा पुरै रकम कुनै आर्थिक वर्षमा खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज नभई कोषमै रहनेछ । तर दफा २० को उपदफा (२) बमोजिम प्राप्त सहायता रकमलाई त्यस्तो शर्त अनुरूप उपयोग गर्न नसकेको कारण जनाई सहायता उपलब्ध गराउने सम्बन्धित व्यक्ति वा संस्थाले फिर्ता माग गरेमा कोषबाट रकम फिर्ता गर्न बाधा पर्ने छैन ।

(२)कोषलाई आवर्ती कोष (रिबल्विङ्ग फण्ड ) को रुपमा सञ्चालन गरिनेछ ।

***स्पष्टिकरणः*** *यस दफाको प्रयोजनका लागि आवर्ती कोष (रिबल्भिङग् फण्ड) भन्नाले कोषबाट खर्च भएको नगद रकम वार्षिक रुपमा बजेट विनियोजन मार्फत पुनःपुर्ति गर्दै जाने गरी स्थापित कोषलाई सम्झनुपर्छ ।*

(३) कोषमा मौज्दात रकम दुई लाख रूपैया भन्दा न्यून हुन गएमा तत्काल थप रकम जम्मा गर्न प्रयत्न गर्नु पर्नेछ ।

## परिच्छेद-६
## विविध

२७) **अनुगमन गर्न सक्नेः** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिकाले समितिबाट सञ्चालित कार्यक्रमको आवश्यकता अनुसार अनुगमन गर्न सक्नेछ ।

२८) **जिम्मेवारी तोक्नुपर्नेः** गाउँ कार्यपालिकाले यस कार्यविधि बमोजिम सम्पादित हुने कार्यक्रम तथा क्रियाकलाप सम्बन्धि प्रशासनिक कार्य गर्नको लागि युवा तथा खेलकुद सम्बन्धि क्रियाकलाप हेर्ने शाखालाई खेलकुद सचिवालयको रुपमा जिम्मेवारी तोक्नु पर्नेछ ।

२९) **कार्यविधिको पालना गर्नुपर्नेः** गाउँ कार्यपालिका, खेलकुद विकास समिति, खेलकुद सचिवालय, खेलकुद संघ, सस्था, खेलाडी तथा पदाधिकारीहरुले कार्यविधिको पालना गर्नु पर्ने छ ।

३०) **कार्यविधि संशोधन गर्न सक्नेः** गाउँ कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

३१) **निर्देशिका तथा मापदण्ड बनाउन सक्नेः** (१) गाउँ कार्यपालिकाले क्षेत्रगत खेलकुद विकासका लागि आवश्यक निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

(२) खेलकुद विकास समितिले यस कार्यविधिको अधिनमा रही क्षेत्रगत खेलकुद विकास, गाउँपालिका स्तरीय खेलाडी छनौटको लागी आवश्यक मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

३२) **प्रचलित कानुन बमोजिम हुनेः** यस निर्देशिकामा उल्लेखित विषय यसै बमोजिम र अन्य विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

३३) **बचाउः** गाउँपालिकाले यस अघि सञ्चालन गरेका खेलकुद सम्बन्धी क्रियाकलाप यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ

३४) **बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधिमा उल्लिखित कुनै कुरामा द्विविधा उत्पन्न भएमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

आज्ञाले,
अर्जुनकुमार राउत
प्रमुख प्रशासकीय अधिकृत
मितिः- २०८१/०८/०८